'गाउँ गाउँमा सूचना र सञ्चारको लागी हाम्रो अभियान'
www.namastekarnali.com
# नमस्ते कर्णाली
Namaste Karnali National Daily राष्ट्रिय दैनिक
वर्ष १ अंक : १५१ आइतबार १३ माघ, २०८१ 26 (Sunday) January 2025 पृष्ठ ४, मूल्य रु : १०/-


### समपूरक अनुदानसम्बन्धी कार्यविधि २०८१ लागु

## समपूरक अनुदानबाट सञ्चालित आयोजना स्वीकृत अवधिमा सम्पन्न गर्नैपर्ने बाध्यता

नमस्ते समचारदाता

काठमाडौं, माघ/१२





सरकारले समपूरक अनुदान सम्बन्धी कार्यविधि-२०८१ ल्याएको छ। प्रदेश वा स्थानीय तहको सामाजिक आर्थिक तथा पूर्वाधार विकासमा सन्तुलन कायम गरी प्राथमिकता प्राप्त आयोजना वा कार्यक्रम कार्यान्वयन गर्न न्यायोचित रूपले समपूरक अनुदान उपलब्ध गराउन यो कार्यविधि ल्याइएको सरकारले बताएको छ। अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ को दफा १० को उपदफा ५ ले दिएको अधिकार प्रयोग गरी सरकारले यो कार्यविधि बनाएको अर्थ मन्त्रालयले जनाएको छ। समपूरक अनुदानको लागि प्रदेश वा स्थानीय तहले आयोजना वा कार्यक्रम प्रस्ताव गर्दा त्यस्तो आयोजनाको कुल लागत अनुमान हुनु पर्ने कार्यविधिमा उल्लेख छ । गाउँपालिका वा नगरपालिकाबाट कार्यान्वयन गरिने आयोजना वा कार्यक्रमको कुल लागत अनुमान १ करोड रुपैयाँदेखि ७ करोड रुपैयाँसम्म हुनु पर्ने, उपमहानगरपालिका वा महानगरपालिकाबाट कार्यान्वयन गरिने आयोजना वा कार्यक्रमको कुल लागत अनुमान ३ करोड रुपैयाँदेखि १५ करोड रुपैयाँ हुनु तथा प्रदेश सरकारबाट कार्यान्वयन हुने आयोजना वा कार्यक्रमको कुल लागत अनुमान १० करोड रुपैयाँदेखि ३० करोड रुपैयाँसम्म हुनुपर्ने कार्यविधिमा उल्लेख गरिएको छ। साथै समपूरक अनुदानमा सञ्चालन गर्ने आयोजना वा कार्यक्रम बढीमा ३ वर्षभित्र सम्पन्न गर्ने गरी प्रस्ताव गर्नुपर्ने उल्लेख छ। अनुदान प्रदेश वा स्थानीय तहबाट कार्यान्वयन गरिने भौतिक पूर्वाधार विकाससँग सम्बन्धित आयोजना वा कार्यक्रमका लागि उपलब्ध गराइने जनाएको छ। जसअन्तर्गत कृषि उपजको प्रशोधन, भण्डारण र बजारीकरण, खानेपानी तथा सरसफाइ, सिँचाई तथा नदी नियन्त्रण रहेका छन्। यस्तै नवीनतम प्रविधिको प्रयोग गरी फोहोर मैलाको प्रशोधन र व्यवस्थापन, सामुदायिक विद्यालय भवन निर्माण, स्थानीय आर्थिक विकासमा प्रत्यक्ष योगदान पुऱ्याउने पर्यटन पूर्वाधार निर्माण रहेका छन्। साथै मध्यवर्ती क्षेत्र मानव - वन्यजन्तु द्वन्द्व व्यवस्थापनका लागि गरिने पूर्वाधार निर्माण र सौर्य, वायु, जैविक लगायतका वैकल्पिक ऊर्जा उत्पादन र विज्ञान प्रविधिसँग सम्बन्धित पूर्वाधारलाई यस्तो अनुदान दिइने जनाइएको छ। यसै गरी स्थानीय तहको केन्द्र र वडा कार्यालय, विद्यालय, स्वास्थ्य संस्था जस्ता सेवा केन्द्र औद्योगिक ग्राम वा क्षेत्र र बजार जोड्ने स्थानीय सडक तथा प्रदेश लोकमार्ग र सो अन्तर्गतको सडक पुल, स्वास्थ्य चौकी, अस्पताल तथा सोसँग सम्बन्धित पूर्वाधार, विद्युत् सेवाबाट वञ्चित रहेको तथा राष्ट्रिय प्रसारण लाइनको पहुँच नभएको क्षेत्रमा कार्यान्वयन गरिने विद्युत् उत्पादन तथा प्रसारण आयोजनालाई यस्तो अनुदान दिइने जनाइएको छ। नेपाल सरकारको नीति तथा कार्यक्रम र बजेटमा संघ, प्रदेश र स्थानीय तहबिच सहकार्य र संयुक्त लगानीमा कार्यान्वयन गर्ने गरी निर्धारण गरिएको आयोजना वा कार्यक्रमलाई पनि यस्तो अनुदान दिइनेछ। यस्तो अनुदानका लागि राष्ट्रिय योजना आयोगले प्रत्येक वर्ष मङ्सिर मसान्तभित्र सूचना प्रकाशन गरी प्रदेश वा स्थानीय तहबाट आगामी आर्थिक वर्षमा समपूरक अनुदानमा सञ्चालन गर्ने आयोजना वा कार्यक्रमको प्रस्ताव माग गर्नेछ। योजना आयोगबाट प्रस्ताव माग भएपछि प्रदेश वा स्थानीय तहले अन्य स्रोतबाट कार्यान्वयन गर्ने आयोजना वा कार्यक्रम र हाल सञ्चालनमा रहेका आयोजना वा कार्यक्रमसँग दोहोरो नपर्ने गरी प्रत्येक वर्षको माघ मसान्तभित्र प्रदेशले सम्बन्धित मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमार्फत र स्थानीय तहले सोझै योजना आयोगमा समपूरक अनुदानमा कार्यान्वयन गरिने कार्यक्रमको लागि अनुदान माग गरी आयोगले निर्धारण गरेको विद्युतीय प्रणालीमार्फत तोकिएको ढाँचामा प्रस्ताव पेस गर्नुपर्नेछ। प्रदेशको हकमा बढीमा १० वटासम्म र स्थानीय तहको हकमा बढीमा तीन वटा आयोजना वा कार्यक्रम प्रस्ताव गर्न सकिनेछ।

बाँकी ३ पेजमा...

## प्रभावकारी उपचार सेवा प्रदानमा सहयोगी बन्दै स्वास्थ्य स्वयंसेविका

नमस्ते समचारदाता

हुम्ला, माघ/१२



सरकारी स्तरबाट न्यून सेवा-सुविधा प्रदान गरेर दूरदराजका बस्तीमा सेवाग्राहीलाई स्वास्थ्य सेवा दिने कार्यमा सहयोगीको भूमिका निर्वाह गर्दै आएकी स्वास्थ्य स्वयंसेविकाको भूमिका प्रभावकारी देखिएको छ। ग्रामीण बस्तीमा बस्ने भएका कारण जतिखेर पनि गाउँगाउँमा सेवाग्राहीको साथमा उपस्थित हुने भएकाले तोकिएको समयमा उपचार सेवा प्रदान गर्न उनीहरूको भूमिका उल्लेखनीय रहेको हो। ताँजाकोट गाउँपालिका - १ को भैसामाझ स्वास्थ्य चौकीअन्तर्गतकी स्वास्थ्य स्वयंसेविका अनिता खड्काले हालसम्म आफूले प्रदान गरेको सेवाप्रति सन्तुष्टि जनाउँदै न्यून सेवा-सुविधाले पनि मावन सेवा गर्न पाउनुमै गर्व रहेको बताइन्। सात वर्षदेखि सेविकाको रुपमा काम गर्दै आएकी खड्कालाई वडाअन्तर्गतका सबै घरधुरीका स्थानीयले चिन्दै आएका छन्। उनले जिम्मेवारी लिएपछि सुविधा भन्दा पनि कामलाई ठूलो मान्नुपर्ने बताइन्। हालसम्म उनले वडाका सबै घरधुरीमा पुगेर सेवा दिन थालेकी छन्। त्यसैले खड्कालाई गाउँका मानिसले सामाजिक कार्यकर्ताको रुपमा चिन्ने गर्छन्। गाउँमा खड्का पुग्नेबित्तिकै केही न केही उपचारका कार्य हुन्छ भन्ने ठम्याइ गाउँबासीको छ। उनले हुन त आफ्नो काम स्वास्थ्यकर्मीलाई सघाउ पुऱ्याउनु भए पनि त्यसले गाउँमा ठूलै महत्व राख्ने गरेको बताइन्। सिमकोट गाउँपालिका स्वास्थ्य शाखाका प्रमुख नर बहादुर भण्डारीले विशेष गरी मातृ शिशु स्वास्थ्य, पोषण खोप कार्यक्रममा स्वास्थ्य स्वयंसेविकाको महत्वपूर्ण भूमिका रहने गरेको बताए। सिमकोट गाउँपालिकामा यो कामका लागि आठ वटै वडाका सबै बस्तीमा ४५ जना सेविकाले सेवा प्रदानमा सघाउ पऱ्याएका छन्। कामअनुसार सेवा-सुविधा खासै राम्रो नभए पनि आफ्नो जिम्मेवारीमा महिला स्वास्थ्य स्वयंसेविकाले खेलेको भूमिका महत्वपूर्ण भएको उनले बताए। खासमा स्वास्थ्य स्वयंसेविकाले राज्यबाट पाउने सुविधा भनेको वर्षमा १० हजार पोसाक भत्ता, १२ हजार यातायात खर्च र प्रदेश सरकार पाँच हजार गरी जम्मा २७ हजार पाउँदै आएका छन्। कामअनुसार यति सुविधा पूर्ण नभए पनि विशेष गरी महिला र पाँच वर्षमुनिका बालबालिकाको स्वास्थ्योपचारका लागि स्वास्थ्य स्वयंसेविका रात दिन खटिनु मुख्य कुरा भएको उनको भनाइ छ। यता, ताँजाकोट गाउँपालिका स्वास्थ्य शाखाका प्रमुख धनराज ढकालले प्राथमिक उपचार, पाँच वर्षमुनिका बालबालिका, गर्भवती, सुत्केरी, खोप, पोषण, सरसफाइ, प्रत्येक महिना स्वास्थ्य आमा समूहको बैठकमा सहभागिता हुनेजस्ता कामले स्वास्थ्य स्वयंसेविकाको महत्व झल्किने बताए। सीमित स्वास्थ्यकर्मीका भरमा स्वास्थ्य संस्था सञ्चालनमा असजिलो हुने भन्दै उनले कामअनुसार मामको व्यवस्था हुन सकेको भए अझै यो सेवा प्रभावकारी बन्ने बताए। ती काम बाहेक स्वास्थ्य स्वयंसेविकाले जनचेतना फैलाउने काममा पनि सबैले सहयोग गरिरहेका छन्।

बाँकी ३ पेजमा...

## बाँकेका किशोरीलाई पाठेघरको मुखको क्यान्सरविरुद्ध खोप

नमस्ते समचारदाता

बाँके, माघ/१२



बाँकेका ३५ हजार बढी किशोरीलाई माघ २२ गतेदेखि फागुन ६ गतेसम्म पाठेघरको मुखको क्यान्सर विरुद्ध एचपिभी खोप दिइने भएको छ। बाँकेका ८ स्थानीय तहका विद्यालयमा अध्ययनरत ३३ हजार ३ सय ७५ र विद्यालय बाहिर रहेका २ हजार ८ सय ५० गरेर ३५ हजार ४४ जना किशोरीहरुलाई एचपिभी खोप लगाउने स्वास्थ्य कार्यालय बाँकेका जनस्वास्थ्य अधिकृत तथा खोप फोकल पर्सन नरेशबाबु श्रेष्ठले जानकारी गराएका छन्। माघको २२ गतेदेखि फागुनको ६ गतेसम्म विद्यालयमा कक्षा ६ देखि १० सम्म अध्ययनरत तथा विद्यालय बाहिर रहेका १० वर्षदेखि १४ वर्ष उमेर समूहका बालिका तथा किशोरीलाई खोप लगाइने छ। स्वास्थ्य कार्यालय बाँकेका प्रमुख अंगदबहादुर शाहीले जिल्लामा दुई चरणमा खोप अभियान सम्पन्न हुने बताए। पहिलो चरणमा माघ २२ गतेदेखि नेपालगन्ज उपमहानगरपालिका, कोहलपुर नगरपालिका, खजुरा र जानकी गाउँपालिकामा ७ दिनसम्म खोप अभियान सञ्चालन हुनेछ। दोस्रो चरणमा राप्तीसोनारी, डुडुवा, नरैनापुर र बैजनाथ गाउँपालिकामा माघ ३० गतेबाट अभियान सञ्चालन हुनेछ। खोप लगाउनका लागि अहिले जिल्लाका सबै पालिका तहका स्वास्थ्यकर्मीलाई तालिम दिने काम भइरहेको स्वास्थ्य कार्यालय बाँकेका प्रमुख शाहीले जानकारी गराएका छन्।

नमस्ते कर्णाली विज्ञापन एजेन्सी
www.namastekarnali.com
नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि. द्वारा संचालित नमस्ते कर्णाली राष्ट्रिय दैनिक, नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक, namastekarnali.com मा विज्ञापन, सुचना, बोलपत्र आवह्वान सम्बन्धी सुचना, कर्मचारी भर्ना सम्बन्धी सुचना, जनहितमा जारी सुचना आदि प्रकाशन गर्नु परेमा हामीलाई
सम्झनुहोला।
नमस्ते कर्णाली राष्ट्रिय दैनिक | नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक | नमस्ते कर्णाली डटकम
नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि.
सम्पर्क : कोहलपुर-११, बाँके
व्युरो कार्यालय : सुर्खेत शाखा कार्यालय हुम्ला, मुगु, बाजुरा, कालिकोट, जुम्ला, सल्यान, जाजरकोट
कोहलपुर : ९८४७२४६९०३ हुम्ला : ९८६८३९६३३२ मुगु : ९८६८३७०८०५ बाजुरा : ९८६५६६८०९९
कालिकोट : ९८६५६६८०९९
FOLLOW US
: namastekarnali2068@gmail.com
: namastekarnali.com

**सत्यवाणी :**

भौतिक तथा व्यवसायीक सुरक्षाका लागि पत्रकार एकता नयाँ संविधानमा पूर्ण प्रेस स्वतन्त्रता । – नेपाल पत्रकार महासंघ

# सम्पादकीय



## खेलकुद क्षेत्रमा स्थानीय सरकारको लगानी आवश्यक

**कोहलपुरमा शुक्रबार देखि निजी तथा आवासीय विद्यालय अर्गनाइजेशन 'प्याब्सन' नेपालको दोश्रो प्याब्सन कोहलपुर रनिङ्ग शिल्ड खेलकुद प्रतियोगिता २०८१ शुरु भएको छ। कोहलपुरको तेह्र विघा खेलमैदानमा शुरु भएको प्याब्सन रनिङ शिल्ड खेलकुद प्रतियोगिताहरुले विद्यार्थीहरुलाई अनुशासित र स्वस्थ्य बनाउने मात्र होइन, विद्यालय तहका यस्ता खेलकुद प्रतियोगिताहरुले स्वच्छ, स्वस्थ्य र अनुशासीत जनशक्ती उत्पादन गर्न महत्वपूर्ण भूमिका खेल्दछ । त्यसैले यस्ता प्रतियोगिताको महत्व दिर्घकालिन रुपमा सकारात्मक छ । किनभने हामीले विद्यालय तहमै जस्तो ज्ञान, सिप, अनुशासन र क्षमता सिकाउँछौं । कलिला विद्यार्थीहरुको मस्तिस्कमा त्यसले उसको जीवनभरको लागि असर पारेको हुन्छ । त्यस्ले नै उनीहरुको भविश्य समेत निर्धारण गर्ने गर्दछ । प्याब्सन कोहलपुरले आयोजना गरेको यस प्रतियोगितामा सहभागी भएका विद्यालय तथा विद्यार्थी भाइबहिनीहरुले रचनात्मक रुपमा यो प्रतियोगितामा सहभागी बनेर पालिका, जिल्ला, प्रदेश हुँदै राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरसम्मका प्रतियोगिताहरु सम्म पनि प्रतिस्पर्धा गर्न सक्ने खेल क्षमताको विकास गर्न सके भने त्यो कोहलपुर नगरपालिका कै गौरव र सान हुने हो। राज्यको संघीय संरचना बने पश्चात शिक्षा, स्वास्थ्य र खेलकुदको क्षेत्रमा काम गर्न पूर्ण रुपमा स्थानीय सरकारलाई अधिकार दिएको भए पनि स्थानीय सरकारहरु सामुदायीक विद्यालयका बाल बालिकाहरुलाई मात्र लगानी गर्ने तर नेपालको इतिहासमा राष्ट्रिय अन्तराष्ट्रिय बजारलाई आवश्यक हुने जनशक्ती उत्पादन गर्ने सस्थागत विद्यालयमा र ती विद्यालयका विद्यार्थीहरुलाई कुनै पनि विधामा दक्ष बनाउन कुनै लगानी गरेका छैनन्। सस्थागत विद्यालय र ती विद्यालयमा पढ्ने विद्यार्थीहरु पनि आफ्नै जनताका बालबालिकाहरु हुन र उनीहरुको भविश्यका अभिभावकत्व पनि स्थानीय सरकारले लिनु पर्छ भन्ने सोचाई हुनु आवश्यक छ। सबै भन्दा बिडम्बना त के छ भने स्थानीय सरकारहरु आफ्नो मातहतका सामुदायिक विद्यालयको परिणाम राम्रो नहुनु र सस्थागत विद्यालयहरुको शैक्षिक प्रगति प्ररिणाम राम्रो हुनुको कारण खोजी नै गर्दैन । त्यो गर्न आवश्यक छ र त्यसको लागि संस्थागत विद्यालयहरु सँग संयुक्त लगानी गरेर धेरै विषयमा साझेदारी गर्न आवश्यक नीति बनाउने पर्छ।**

सुवर्ण अवसर ! सुवर्ण अवसर !! सुवर्ण अवसर !!!

यस गोल्डेन गेट मल्टिपल एकेडेमी प्रा.लि. शाखा कार्यालय कोहलपुर ३ पेलेनचोकमा उद्घाटन को अवसरमा विभिन्न कोर्षमा ५०% छुटमा विभिन्न कक्षाहरू संचालन हुन गहिरहेको हुदा तालिम लिन चाहनुहुने व्यक्तिहरूले सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

तालिमहरू / सिट



बेसिक कम्प्यूटर (Basic Computer) ७० सिट
अंग्रेजी भाषा (English Language) ५० सिट
डिप्लोमा कम्प्यूटर (Diploma Computer) ५० सिट
Online Package (Email/internet) ३० सिट

तपशिल
फारम भर्ने अन्तिम मिति :-
भर्ना मिति :-
कक्षा संचालन मिति :-

फारम पाइने स्थान
गोल्डेन गेट मल्टिपल एकेडेमी प्रा.लि.
प्रधान कार्यालय : कोहलपुर-११, गोलपार्क, बाँके
शाखा कार्यालय : कोहलपुर-३, पेलेनचोक, बाँके
सम्पर्क नं. ९८४७२४६९०३, ९८६८३७०८०५, ९८६९९६८१६५ goldengate2075@gmail.com

# तीव्र विकासतर्फ मुलुक

## केपी शर्मा ओली



● प्रधानमन्त्री केपी शर्मा ओली



**अहिलेको सरकार विकासका लागि बनेको छ। यो सरकार स्थायित्व र स्थिरताका लागि बनेको छ। यो सरकारले विकासका कामलाई तीव्रताका साथ अगाडि बढाउँछ। अहिले नेपाली कांग्रेस र नेकपा (एमाले) को संयुक्त सरकारले अत्यन्तै ध्यान दिएर देशको शीघ्र विकास कसरी गर्न सकिन्छ, देशमा सुशासन कसरी ल्याउन सकिन्छ भन्ने कुरामा विशेष रूपमा यसले ध्यान दिइरहेको छ।**

आज खुसीको दिन हो । हामीले सिद्धबाबा सुरुङको 'ब्रेक थ्रु' गर्न सफल भएका छौँ। केही वर्षअगाडि म बुटवल भ्रमणमा आउँदा त्यहाँ प्रिया भण्डारी र केही कलाकारले गीत गाउनुभएको थियो, 'कहिले बन्छ नेताज्यू सिद्धबाबा खण्ड ?' भनेर । साह्रै पीडा, चासो र जिज्ञासाको विषय थियो यो बाटो । यो बाटो नबन्दा हरेक वर्ष बस दुर्घटना हुने, पहिरोमा पर्ने, पहिरोले गाडी बगाउने, गाडी नै फेला नपर्ने, फेला परे पनि अस्थिपञ्जर गाडीको वा मान्छेको फेला पर्ने दुःखदायी अवस्था थियो। त्यसबाट उत्तरी भेग र दक्षिणी भेगका लागि यात्रा गर्ने जनता वास्तवमा अत्यन्तै पीडित थिए र त्यो पीडाबाट जोगिन चाहन्थे र त्यो गीत त्यसै कारण उब्जिएको थियो, 'कहिले बन्छ नेताज्यू सिद्धबाबा खण्ड' भन्ने गीत। त्यो जनताको आवाज गीतको रूपमा घन्किएको थियो। जनताले आफ्नै भाषामा पनि त्यो गीत गाउँथे अथवा आफ्नै भाषामा त्यो भन्थे। आज ती प्रश्नले जवाफ पाएको छ, अब बन्यो सिद्धबाबा खण्ड। अब सुरुङको रूपमा बन्यो। अब पहिरो नजाने र नभत्किने गरी बन्यो । बिचमा कुनै गम्भीर क्षति र नोक्सानी नभईकन बन्यो। सफलतापूर्वक बन्यो। म त्यहाँ निरीक्षणमा जाँदा कि यस्तो ठाउँमा पनि सुरुङ हुन्छ र ? भनेर मान्छेहरू भन्दै थिए तर हुन्छ, हुँदो रहेछ। सिद्धबाबा खण्डको बाटोलाई सुरुङमार्गबाट सहज तरिकाले निकास दिने काम भएको छ। यस अवसरमा म तपाईंहरूलाई बधाई भन्न चाहन्छु र सबैलाई शुभकामना भन्न चाहन्छु। बधाई यस कारण कि तपाईंहरू त्यस पीडाबाट मुक्त हुनुभएको छ, शुभकामना यस कारण कि यसको लाभ लिनुस् र यस लाभबाट तपाईंहरूको सहज आवागमन, सामाजिक सम्बन्ध, आर्थिक सम्बन्ध, बन्द व्यापारदेखि लिएर अरू आर्थिक क्रियाकलापदेखि लिएर चाडपर्वदेखि लिएर सबै कुराको आदानप्रदान गर्न सक्नुहुन्छ । आफ्नो ठाउँको उत्पादन अर्को ठाउँमा पुऱ्याउने, अर्को ठाउँको उत्पादन आफ्नो ठाउँमा ल्याउने काम गर्न सक्नुहुन्छ । अब तपाईंहरू एउटा ठुलो सुविधाको क्षणमा प्रवेश गर्दै हुनुहुन्छ । यद्यपि सबै बाटो बनिसकेको छैन तर अब टनेल नै 'ब्रेक थ्रु' भइसकेपछि, टनेलमार्ग नै तयार भएपछि बाटो कुनै कुराको कमी रहने छैन । अब पाल्पा, पोखरा, गुल्मी, अर्घाखाँचीको उत्तरी भेग हुँदै प्युठान जानका लागि सबै कुराको अनुकूलता त्यहाँबाट भएको छ । त्यसै गरेर कालीगण्डकी कोरिडोरसँग यो बाटो पर गएर जोडिन्छ। यसबाट सडकको एउटा सञ्जालको रूपमा यसले काम गरेको छ । यसका निम्ति यसमा सहयोगकर्तालाई, दाताहरूलाई पनि धेरै धेरै धन्यवाद भन्न चाहन्छु । छोटो समयमै यस कार्यलाई सम्पन्न गर्नुभएकोमा ठेकेदार कम्पनीलाई पनि धन्यवाद भन्न चाहन्छु । यसको मुख्य चुनौतीको पाटो सुरुङमार्ग थियो, त्यो छिचोलिएको छ। मैले धेरै अगाडि, जतिबेला नागढुङ्गा-नौबिसे सुरुङ खण्डको शिलान्यास गर्दै थिएँ, त्यसबेला मैले भनेको थिएँ अब नेपालमा टनेल युगको प्रारम्भ भयो अथवा हामी नेपाली अब टनेल युगमा प्रवेश गरेका छौँ। अब बिस्तारै बिस्तारै दुर्गम कच्ची पहाड चढ्दै, पहिरो जाने पहाड चढ्दै गाडीहरू घुमाएर मनमा दुर्घटनाको त्रास बोकेर यात्रा गरिरहनुपर्ने छैन। धेरै हामी त्यस्ता बाटालाई छोटा बाटाको रूपमा सुरुङमार्गबाट, वल्लो बैंसीबाट, पल्लो बैंसी र अझ पल्लो बैंसी निकाल्दै सहज ढङ्गले छोटो बाटोबाट टाढाको दुर्गम सहज नहुने गन्तव्य छोटो मार्गबाट पुग्न सक्छौँ र त्यो हामी प्राप्त गर्न सक्छौँ । पहाडहरूका लागि त्यसबाट सम्पर्क बाटाहरू निर्माण गरेर हामी ती काम गर्न सक्छौँ । हामी त्यहाँ 'लिङ्क रोड' बनाउँछौँ, 'रिभर कोरिडोर' बनाउँछौँ । नेपालका सबै जिल्लामा अहिले गाडी पुगिसकेको छ । त्यस्तो अवस्थामा नेपाल दुर्गम भन्ने हिजो झैँ रहेन तर यसलाई अझ सुगम बनाउँदै लाने छौँ । विभिन्न खालका सञ्जालका बाटाहरू, सुरुङमार्ग, झोलुङ्गे पुल, पुल, हवाई यातायात, हवाईमार्ग, मैदानलगायतका अनेक केबुलकार जस्ता कुराबाट हामी अनेक ठाउँलाई सुगम र रमाइला ठाउँ र विकसित ठाउँका रूपमा परिणत गर्ने छौँ। त्यस कारण अब नेपाल बिस्तारै दुर्गमबाट सुगम रूपमा, पिछडिएको देशबाट अगाडि बढेको देशको रूपमा, अल्पविकसित देशबाट विकासशील देशको रूपमा र शिक्षा, स्वास्थ्यमा वञ्चित वा पछाडि परेको स्थितिबाट सामान्य अवस्थातर्फ छिटै अग्रसर हुँदै छ भन्ने यी कुराले देखाएका छन्। म दाजुभाइ दिदीबहिनीलाई आग्रह गर्न चाहन्छु, यो खुसी तपाईंहामीको खुसी हो। यो सिङ्गै देशको खुसी हो। यो पाल्पा र रुपन्देही जस्ता जिल्लाको ठुलो खुसी हो । त्यति मात्रै होइन, पाल्पा, स्याङ्जा, कास्की र अरू जिल्ला यो यस बाटोबाट सजिलैसँग बुटवल अथवा बुटवलबाट पूर्व-पश्चिम जानु पर्छ, त्यो सजिलो हुन्छ। त्यस कारण यो सुरुङमार्गको विशेष महत्व छ र यो एउटा ऐतिहासिक घटना हो । यो इतिहासमा पहिलो पटक घटित भएको र पहिलो पटक प्राप्त भएको सफलताको कुरा हो । त्यस कारण म सबैमा खुसी व्यक्त गर्न चाहन्छु। सबैलाई धेरै धेरै धन्यवाद भन्न चाहन्छु। जसले यसमा काम गर्नुभएको छ, कामदार, मजदुर, इन्जिनियर सबैलाई धन्यवाद भन्न चाहन्छु । स्थानीय जनता, जसले यस सुरुङ मार्गको निर्माणका लागि सरकारलाई झकझकाउने काम, हामी सबैलाई झकझकाउने काम र छिटो गर्नका लागि प्रेरित र प्रोत्साहित गर्नुभएको छ, म उहाँहरूलाई पनि धन्यवाद भन्न चाहन्छु। यो हामी सबैको सफलता हो । यस्तै सफलता जोड्दै गएर नेपाल एउटा सफलताको देश हुने छ । यस्तै उपलब्धिलाई जोड्दै गएर उपलब्धिको देश हुने छ । यस्तै पछौटेपनलाई चिर्दै जाने घटनाबाट, उपलब्धिबाट जोडिँदै गएर पछौटेपन समाप्त पारिएको देश हुने छ । हामी आशावादी बन्न सक्नु पर्छ। अहिलेको सरकार विकासका लागि बनेको छ । यो सरकार स्थायित्व र स्थिरताका लागि बनेको छ । यो सरकारले विकासका कामलाई तीव्रताका साथ अगाडि बढाउँछ। अहिले अघिल्लो पटक सुरु भएका काम अगाडि बढेका छन् । अहिले नेपाली कांग्रेस र नेकपा (एमाले) को संयुक्त सरकारले अत्यन्तै ध्यान दिएर देशको शीघ्र विकास कसरी गर्न सकिन्छ, देशमा सुशासन कसरी ल्याउन सकिन्छ भन्ने कुरामा विशेष रूपमा ध्यान दिइरहेको छ। यी विषयमा तल्लीन भएर जनतालाई सेवा सुविधा कसरी पुर्याउन सकिन्छ भन्ने कुरामा ध्यान दिएर नै अहिलेको सरकार अगाडि बढेको छ। तसर्थ म सबैलाई आशावादी हुन, हामी बनाउँछौँ हाम्रो देश, अरूले बनाउने होइन, हामीले आफैँ बनाउँछौँ, हामी अरूको पनि सहयोग लिन सक्छौँ, अरूको लगानी आमन्त्रण गर्न सक्छौँ, अरूको अनुकूलता, हाम्रो अनुकूलता र आवश्यकता, प्राथमिकतामा अरूका ऋणहरू पनि आवश्यकता अनुसार स्वीकार गर्न सक्छौँ। जसरी होस् हाम्रो देशलाई फाइदा हुने, हाम्रो देशको शीघ्र विकास हुने कुरामा हाम्रो ध्यान जाने छ र गइरहेको पनि छ । यसर्थ हाम्रो देशको विकास सम्भव छ, छिटो हुन्छ । यो देशसँग अहिले पनि युवा जनशक्ति छ, स्रोतसाधन छन्, हाम्रा प्रयास र हाम्रा मित्रका साथ सहयोगले हामी छिटै अगाडि बढ्न सक्ने छौँ । म सबै साथीलाई धेरै धेरै धन्यवाद भन्न चाहन्छु । धन्यवाद तथा शुभकामना।

*–गोरखापत्र*

जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरूमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरूमा सबै पालिकावासीले सहयोग गरौं ।

बुढीगंगा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कुल्देवमाण्डौ, बाजुरा

जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरूमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरूमा सबै पालिकावासीले सहयोग गरौं ।

हिमाली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
धुलाचौर, बाजुरा

# तीन महिनामा १३५ सडक दुर्घटना, २० को मृत्यु

नमस्ते समाचारदाता

बाँके, माघ/१२



बाँके जिल्लामा पछिल्लो तीन महिनामा सडक दुर्घटनामा परेर २० जनाको मृत्यु भएको छ । जिल्ला ट्राफिक प्रहरी कार्यालय बाँकेले दिएको जानकारीअनुसार जिल्लामा गत तीन महिनामा भएका १३५ सवारी दुर्घटनामा परेर २० जनाको मृत्यु भएको हो । तीन महिनाको अवधिमा भएका ती दुर्घटनामा २१ जना गम्भीर घाइते भएको र १६५ जना सामान्य घाइते भएको जिल्ला ट्राफिक प्रहरी कार्यालय बाँकेले जानकारी दिएको छ । सो कार्यालयका अनुसार कात्तिक महिनामा भएका २० वटा दुर्घटनामा ८ जनाको मृत्यु भएको थियो । सात जना गम्भीर र १७ जना सामान्य घाइते भएका थिए । त्यसैगरी मङ्सिरमा भएको ४० सवारी दुर्घटनामा तीन जनाको मृत्यु भएको थियो । ११ जना गम्भीर घाइते र ३८ जना सामान्य घाइते भएका थिए । सोही प्रकारले पुस महिनामा भएका ७५ सवारी दुर्घटनामा ९ जनाको मृत्यु भएको थियो । तीन जना गम्भीर घाइते र ६५ जना सामान्य घाइते भएको ट्राफिक प्रहरी कार्यालय बाँकेले जानकारी दिएको छ । सो कार्यालयका अनुसार पुस महिनामा दुर्घटना र मृतकसँगै घाइतेको संख्या पनि बढ्नुमा हुस्सु र कुहिरो प्रमुख कारण रहेको छ । ट्राफिक प्रहरी कार्यालयले पुसमा हुस्सु र कुहिरोका कारण अत्यधिक दुर्घटना भएपछि सार्वजनिक सूचना जारी गर्दै गति कम गरेर सवारी चलाउन अपिल गरेको थियो । कात्तिक, मङ्सिर र पुस गरी तीन महिनाको अवधिमा ट्राफिक नियम उल्लङ्घन गरेका आठ हजार ७७५ सवारी साधनलाई कारबाही गर्दै ७५ लाख १८ हजार रुपियाँ राजस्व सङ्कलन गरेको ट्राफिक प्रहरी कार्यालयले जनाएको छ ।

**५९१ पटक सचेतना कार्यक्रम**

सडक दुर्घटनाहरू बढ्दै गएपछि ट्राफिक सचेतना अभियान सञ्चालन गरिरहेको जिल्ला ट्राफिक प्रहरी कार्यालय बाँकेले तीन महिनामा जिल्लाका विभिन्न ठाउँमा ५९१ वटा ट्राफिक प्रहरी सचेतना कार्यक्रम गरेको जनाएको छ । ती सचेतना कार्यक्रमबाट २९ हजार ६७७ जना प्रत्यक्ष लाभान्वित भई ट्राफिक नियमहरूका बारेमा जानकार र सचेत दुवै भएको ट्राफिक प्रहरी कार्यालय बाँकेका प्रमुख पुष्कर पन्तले बताउनुभयो । उहाँले सो अवधिमा ट्राफिक प्रहरी बाँकेले हुस्सु र कुहिरोले दुर्घटना निम्त्याउन सक्ने भन्दै सवारीको गति कम गर्न रातको समयमा सवारी साधनमा रिफ्लेक्टिभ स्टिकर टाँसेर सवारी चलाउन आग्रह गर्दै आएको पनि बताउनुभयो ।

# नयातल कथा संग्रह विमोचन

नमस्ते समाचारदाता

धनगढी, माघ/१२



साहित्यकार कैलास कुमार पाण्डेयको कथा संग्रह नयातलको धनगढीमा विमोचन गरिएको छ । सुदूरपश्चिमाञ्चल साहित्य समाजले एक कार्यक्रमको आयोजना गर्दै नयातलको विमोचन गरेको हो । सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री कमल बहादुर शाहले कथा संग्रह नयातलको विमोचन गर्नुभएको छ। गीत, गजल, कवितामा कलम चलाउँदै आएका पाण्डेयको नयातल सातौं कृति हो । नयातलमा २२ वटा कथा रहेका छन्। लैङ्गिक, जातीय, कु-प्रथा लगायतको विषयवस्तु समेटिएको नयातलमा पशु बलीदेखि मानव बलीसम्मका कथा समेत समेटिएको छ । आञ्चलिकता, विविधता, सामाजिक मुद्दाको उठान र समाधान पनि कथामा समेटिएको छ । सलल बगेको प्रवाहमा कथा रहेका छन् । तुलसी शर्माले समीक्षा गर्नुभएको कार्यक्रममा विभिन्न व्यक्तिलाई सम्मानित समेत गरिएको थियो । समाजका अध्यक्ष तीर्थराज पाण्डेयको अध्यक्षतामा भएको कार्यक्रममा सर्जक कैलास कुमार पाण्डेले कृतिबारेमा आफ्ना धारण प्रस्तुत गर्नुभएको थियो । कार्यक्रममा मदन पुरस्कार विजेता रामलाल जोशी, प्रज्ञा वासुदेव पाण्डेय, यज्ञराज उपाध्याय, नेपाली कांग्रेस डडेलधुराका सभापति भीम बहादुर साउद, सुदूरपश्चिम नीति योजना आयोग सदस्य शेर बहादुर भण्डारीको उपस्थिति रहेको थियो । समाजका महासचिव गणेश नेपालीले कार्यक्रमको सञ्चालन गर्नुभएको थियो भने स्वागत उपाध्यक्ष टोपेन्द्र शाहले गर्नुभएको थियो ।

## सम्पूरक...

सम्पूरक अनुदान माग गर्दा आयोजनाको कुल लागत रकममध्ये प्रदेश वा स्थानीय तहले व्यहोर्ने अंश बाहेक अन्य स्रोतबाट जुटाउने लगानी रकमको स्रोत सुनिश्चित हुने आधारसमेत पेस गर्नुपर्नेछ । प्रदेश र स्थानीय तहले सम्पूरक अनुदानबाट कार्यान्वयन हुने क्रमगत आयोजना वा कार्यक्रमको लागि प्रत्येक आर्थिक वर्ष बजेट माग गर्नुपर्नेछ। त्यसरी बजेट माग नगरेमा त्यस्तो आयोजना सम्पन्न गर्ने दायित्व सम्बन्धित प्रदेश वा स्थानीय तहको हुनेछ । प्रदेश वा स्थानीय तहले सम्पूरक अनुदानबाट सञ्चालित आयोजना वा कार्यक्रम स्वीकृत अवधिमा सम्पन्न गर्नुपर्नेछ । सो अवधिभित्र सम्पन्न हुन नसकेमा त्यस्तो आयोजना वा कार्यक्रम सम्बन्धित प्रदेश वा स्थानीय तहले आफ्नै स्रोतबाट सम्पन्न गर्नुपर्ने छ । साथै प्रदेश वा स्थानीय तहले साबिकमा सञ्चालन भइरहेका आयोजना वा कार्यक्रम सम्पन्न नगरी नयाँ आयोजना वा कार्यक्रम प्रस्ताव गर्न पाइने छैन ।

## प्रभावकारी...

हुम्लाका सात वटा गाउँपालिकाका ४४ वटा वडामा रहेका स्वास्थ्य संस्थाअन्तर्गत २ सय ४९ जना स्वास्थ्य स्वयंसेविका कार्यरत रहेको स्वास्थ्य सेवा कार्यालयकी प्रमुख चिकित्सक प्रतीक्षा भारतीले जानकारी दिइन् । उनका अनुसार गाउँपालिका अनुसार हाल कार्यरत स्वास्थ्य स्वयंसेविका नाम्खामा ३६ जना, सिमकोटमा ४५ जना, खार्पुनाथमा ३६ जना, सर्केगाडमा ५४ जना, चंखेलीमा ३७ जना, अदानचुलीमा १८ जना र ताँजाकोट गाउँपालिकामा २३ जना छन् । उनले सेविकाको काम प्रभावकारी देखेरै मन्त्रालयले महत्वका साथ उनीहरुलाई परिचालन गर्ने कार्यक्रम तय गरेको बताइन् ।

# अन्तरप्रदेश सडक निर्माणको टेन्डर आह्वान

नमस्ते समाचारदाता

सुर्खेत, माघ/१२



अन्तरप्रदेश सडक निर्माणका लागि टेन्डर आह्वान गरिएको छ। सुर्खेतको वीरेन्द्रनगरदेखि बर्दियाको भुरीगाउँ जोड्ने सडक निर्माण गर्न टेन्डर आह्वान गरिएको हो । कर्णाली प्रदेश राजधानीलाई अन्तरप्रदेश जोड्ने सबैभन्दा छोटो रानीघाट-तेलपानी-भुरीगाउँ सडकखण्ड अन्तर्गत मूलपानी-फलाटे-रानीघाट सडक स्तरोन्नति सहित कालोपत्रेका लागि टेन्डर आह्वान गरिएको हो । बजेटको स्रोत सुनिश्चित गरेर टेन्डर आह्वान गरिएको पूर्वाधार विकास निर्देशनालय सुर्खेतले जनाएको छ। उक्त खण्डमा सात किलोमिटर खडक निर्माण गर्न लागिएको निर्देशनालयका सूचना अधिकारी वीरेन्द्रजङ्ग शाहीले बताउनुभयो । उहाँका अनुसार बहुवर्षीय ठेक्कामार्फत काम अघि बढाइने छ। सात किलोमिटर सडक निर्माणका लागि ३२ करोडको स्रोत सुनिश्चित भएको छ। सडक निर्माणको काम तीन वर्षमा गरिसक्नुपर्ने छ। माघ ४ गते टेन्डर आह्वान गरिएको निर्देशनालयले जनाएको छ। ३० दिनभित्र आवेदन दिने समय तोकिएको छ। कर्णाली प्रदेश सरकारले यो सडकलाई प्राथमिकतामा राखेको छ। कर्णाली र लुम्बिनी प्रदेश जोड्ने मूलपानी-रानीघाट-तेलपानी भुरीगाउँ सडक निर्माणलाई प्राथमिकताका साथ राखेको हो । यो सडक आयोजना नयाँ भने होइन। प्रदेश सरकारले आर्थिक वर्ष २०७५/७६ देखि सडक निर्माण योजना अघि बढाएको हो । सडक निर्माणको काम भने आव २०७६/७७ देखि सुरु गरियो। दुई खण्डमा विभाजन गरेर सडक निर्माणको काम अघि बढाइएको भए पनि अहिलेसम्म निर्माणको काम सम्पन्न भएको छैन। सरकारले यो वर्ष पर्याप्त बजेट विनियोजन गरेर सडक निर्माणको कामलाई सम्पन्न गर्न लागेको हो । पहिलो खण्डको रूपमा मूलपानी, फलाटे-रानीघाट सडक निर्माणको कामलाई अघि बढाइएको थियो। दोस्रो सडकखण्डका रूपमा रानीघाट-तेलपानी-भुरीगाउँ सडक निर्माणलाई अघि बढाइएको छ। २०७७ असार ५ देखि २०७८ फागुन १६ गतेसम्म निर्माण सम्पन्न गर्ने गरी काम अघि बढाइएको थियो तर अहिले सार्वजनिक खरिद नियमावलीको १३ औं संशोधन आइसकेपछि म्याद थपिएको हो। एक पटक म्याद थपेर २०८२ माघ २२ गतेसम्म सडक निर्माण गर्ने गरी काम अघि बढाइएको छ। १३ करोड दुई लाखमा निर्देशनालय र थोदुङ जागृति जेभीसँग सम्झौता भएको हो। उक्त निर्माण क्षेत्र वनजङ्गल निकुञ्जको संरक्षित क्षेत्र भएकाले अहिले निर्माणको काम रोकिएको पूर्वाधार विकास निर्देशनालयले जनाएको छ। यसैबिच कर्णाली प्रदेश सरकारले पर्यटन प्रवर्धन गर्न सडक निर्माण गर्न लागेको छ। पर्यटकीय स्थल गोठीकाँडा आसपासका सडक निर्माणका लागि टेन्डर आह्वान गरिएको हो । छेडा-गढी-श्रीचौर-ल्याणकाँध सडकको पनि स्तरोन्नतिसहित कालोपत्रेका लागि टेन्डर प्रक्रिया सुरु गरिएको पूर्वाधार विकास निर्देशनालय सुर्खेतले जनाएको छ। उक्त खण्डमा सात किलोमिटर सडक कालोपत्रे गरिने छ। माघ ४ गते टेन्डर आह्वान गरिएको निर्देशनालयका सूचना अधिकारी वीरेन्द्रजङ्ग शाहीले बताउनुभयो। सडक निर्माणसँगै सुर्खेतको माथिल्लो भेगमा सडक सहज पहुँचका साथै कर्णाली राजमार्ग जोड्ने छ। कर्णाली प्रदेश सरकारले पुँजीगत खर्च बढाउन रणनीतिक योजना ल्याएको छ। सोही योजना अनुरूप अहिले बजेटको स्रोत सुनिश्चित गरेर मात्र टेन्डर आह्वान गर्ने गरिएको छ। जसले गर्दा आयोजना निर्माण सहज हुने छ भने बजेट अभावका कारण आयोजना अलपत्र पर्ने छैनन्। पूर्वाधार निर्माण गर्दा आवश्यकताका आधारमा मात्र गरिने प्रदेश सरकारले जनाएको छ। बहुवर्षीय र बजेटको स्रोत सुनिश्चित भएका आयोजनामा मात्र कार्यान्वयन हुने छन्।


नमस्ते कर्णाली राष्ट्रिय दैनिक
वार्षिक ग्राहक योजना अब तपाईंहरुका बिचमा
प्रत्येकलाई उपहार योजना
अब नमस्ते कर्णालीको वार्षिक
ग्राहक भई तुरुन्तै प्राप्त गर्नुहोस:

आकर्षक भित्ते घडी
यतिमात्र होईन... साथमा
बम्पर उपहार

रंगिन टिभी एकजनालाई

१० जनालाई मोबाइल
सम्पर्कका लागि
प्रधान कार्यालय :
...लपुर, न्यरोड बाँके फोन नं. ९८४७८४६९०३
शाखा कार्यालयहरु
नेपालगञ्ज बाँके, सिमिकोट हुम्ला, गमगढी मुगु, खलंगा जुम्ला, मान्म कालीकोट र दुनै डोल्पा



जन्म, मृत्यु, विवाह, बसाइँ सराइँ र सम्बन्ध बिच्छेदलगायतका व्यक्तिगत घटनाहरु भएको ३५ दिनभित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं ।
ताँजाकोट गाउँपालिका
हुम्ला

# पाँच महिनामा ३६ जना नयाँ कुष्ठरोगी

नमस्ते समाचारदाता
बाँके, माघ/१२



बाँकेमा चालु आर्थिक वर्षको साउनदेखि मङ्सिरसम्म पाँच महिनाको समय अवधिमा ३६ जना नयाँ कुष्ठरोगी फेला परेका छन् । विश्व कुष्ठरोग दिवस २०८१ को पूर्वसन्ध्यामा आइएनएफ बाँके, स्वास्थ्य कार्यालय, बिएनएमटी नेपाल लगायत कुष्ठरोग निवारण सम्बन्धी काम गर्ने विभिन्न संघसंस्थाले संयुक्त रुपमा आयोजना गरेको कार्यक्रम मार्फत पत्रकारहरुलाई उक्त कुरा जानकारी गराइएको हो । जिल्ला स्वास्थ्य कार्यालय बाँकेका कुष्ठरोग फोकल पर्सन रवीन्द्र शाहले चालु आवको साउनदेखि मङ्सिरसम्मको पाँच महिनाको अवधिमा जिल्लाका विभिन्न भागमा ३६ जना नयाँ कुष्ठरोगी पहिचान भएको बताउनुभयो । उहाँका अनुसार ३६ मध्ये २३ जना पुरुष र १३ जना महिला रहेका छन् । जिल्लामा सबैभन्दा बढी कोहलपुर नगरपालिकामा १० जना, नेपालगञ्ज उपमहानगरपालिकामा आठ जना, डुडुवा गाउँपालिकामा पाँच जना, राप्तीसोनारी गाउँपालिकामा चार जना, जानकी गाउँपालिकामा तीन जना र बैजनाथ, खजुरा र नरैनापुर गाउँपालिकामा दुई/दुई जना नयाँ कुष्ठरोगी भेटिएका हुन् । बाँकेमा योसँगै नियमित औषधी सेवन गर्ने कुष्ठरोगीको संख्या १२४ पुगेको छ । जसमध्ये ७३ जना पुरुष र ५१ जना महिला रहेका छन् । उनीहरुले १२ महिने र १८ महिने कोर्षको औषधीको डोज खाइरहेको शाहको भनाइ छ । चाइल्ड (१४ वर्ष उमेरभन्दा कम) र एडल्ट (१४ वर्ष माथि)का गरी दुई समूहमा कुष्ठरोगी पहिचान गरिने भएतापनि यस वर्ष चाइल्ड समूहमा रोगी फेला नपरेको उहाँले बताउनुभयो । त्यसैगरी साईनिङ्ग अस्पताल आईएनएफ नेपाल बाँकेका प्रमुख मङ्गलबहादुर थारुले अस्पतालमा चालु आर्थिक वर्षको छ महिनामा नौ हजार ६१४ जनालाई बहिरङ्ग सेवा प्रदान गरिएको जानकारी दिनुभयो । अस्पतालमार्फत चेकजाँच गर्दा ५८ जनामा कुष्ठरोग फेला परेको उहाँले बताउनुभयो । “यो चालु आवको छ महिनामा हामीले अस्पतालमा नौ हजार ६१४ जनालाई बहिरङ्ग सेवा प्रदान गरेका छौं, अस्पतालमार्फत् चेकजाँच गर्दा छ महिनामा ५८ जनामा कुष्ठरोग फेला परेको छ ।” प्रमुख थारुले भन्नुभयो, “ नेपालका विभिन्न जिल्ला लगायत भारतसम्मका नागरिकमा कुष्ठरोग फेला परेको हो ।” थारुका अनुसार ४१ जना पुरुष र १७ जना महिलामा कुष्ठरोग फेला परेको हो । बाँकेका २३, बर्दियाका १५, सुर्खेतका एक, दैलेखका एक, जाजरकोटका दुई, दाङका एक, सल्यानका दुई, रुकुमका एक, सुदूरपश्चिमका दुई र भारतीय १० जनामा कुष्ठरोग फेला परेको उहाँले बताउनुभयो । थारुले समाजमा अझैपनि कुष्ठरोग लागेर निको भए पनि उक्त व्यक्तिलाई कुष्ठरोगीको संज्ञा दिइने गरेको भन्दै त्यो गलत भएको बताउनुभयो । “कुष्ठरोग आदिमकालदेखि मानिसलाई लागेको पाइन्छ, अहिलेसम्म आउँदा यो रोग सामान्य भइसक्यो, समयमै रोगको निदान गरी पूरा समयसम्म औषधी सेवन गर्दा यो रोग पूर्णरुपमा निको हुन्छ ।” उहाँले भन्नुभयो, “समाजमा अझैपनि कुष्ठरोग लागेर निको भइसकेको व्यक्तिलाई हेर्ने दृष्टिकोण गलत छ, कुष्ठरोग लागेर निको भएको व्यक्ति कुष्ठरोगी हुँदैन, कुष्ठरोग प्रभावित हुन्छ, यो चेतना समाजमा जगाउनुपर्छ ।” जिल्ला स्वास्थ्य कार्यालय बाँकेका प्रमुख अङ्गदबहादुर शाहीले नेपालले सन् २०१० मा नै राष्ट्रिय स्तरमा कुष्ठरोग निवारणको लक्ष्य प्राप्त गरिसके पनि बाँकेमा भने कुष्ठरोगीको संख्या बढ्दै गएको तथ्याङ्क रहेको बताउनुभयो । उहाँले राष्ट्रिय स्तरमा मात्रै निवारणको लक्ष्य प्राप्त गरेर नहुने भन्दै प्रदेश र स्थानीय स्तरसम्म निवारणका लागि पहल हुनुपर्ने बताउनुभयो । “बाँकेसहित केही जिल्लाहरुमा पछिल्लो समयमा कुष्ठरोगी भेटिने क्रम बढेको छ, राष्ट्रिय स्तरमा मात्र निवारण भएर हुँदैन, प्रदेश र स्थानीय स्तरमा पनि निवारणका लागि कार्यक्रमहरु बनाइनुपर्छ ।” शाहीले कुष्ठरोग निवारणका लागि आवश्यक रकम नभएपनि विभिन्न संघसंस्थाहरुसँगको साझेदारीमा कुष्ठरोगको पहिचान, न्यूनीकरण र निवारणका लागि विभिन्न कार्यक्रमरु गरिरहेको जानकारी दिनुभयो ।

# शीतलहर तथा बाक्लो हुस्सुबाट जनजीवन प्रभावित



नमस्ते समाचारदाता
धनगढी, माघ/१२

सुदूरपश्चिम प्रदेशका कैलाली र कञ्चनपुरको जनजीवन शीतलहर र बाक्लो हुस्सुबाट प्रभावित भएको छ । बिहानै विद्यालय जाने बालबालिका, वृद्धवृद्धा, विपन्न परिवार शीतलहर र बाक्लो हुस्सु बाट प्रभावित भएका छन् । शीतलहर चल्ने क्रमसँगै निकै चिसो बढेपछि विद्यालय जाने बालबालिकामा ज्वरो, टाउको दुख्न, पेट दुख्ने लगायतका समस्या देखा पर्न थालेको छ । वृद्धवृद्धामा श्वासप्रश्वासको समस्या देखा परेको छ । आर्थिक रुपमा विपन्न परिवार र विभिन्न शिविरमा झोपडी बनाएर बस्दै आएका सुकुम्वासी, भूमिहीन परिवार ओढ्ने बिछ्याउने न्यानो कपडाको अभावमा चिसो सहेर बस्न बाध्य छन् । कठ्याङ्ग्रिँदो चिसोका कारण मजदुरी गर्नमा पनि ती परिवारले कठिनाइको सामना गर्नुपरिरहेको छ । वनहरा शिविरमा बस्दै आएका मानध्वज लुहार चिसोका कारण बाह्य क्षेत्रमा हिँडडुल गर्न अप्ठेरो परेको बताउनुहुन्छ । वर्षौं पहिले दातृ निकायले दिएको प्लाष्टिकको त्रिपाल बाट शीतको थोपा चुहिँदा झोपडीभित्रका ओढ्ने बिछ्याउने कपडा निथ्रुक्क भिज्ने गरेकाले आगो बालेर न्यानो गर्नुपर्ने अवस्था रहेको उहाँ बताउनुहुन्छ । “शिविरमा बस्दै आएका धेरै परिवारसँग न्यानो ओढ्ने बिछ्याउने कपडा नहुँदा आगो नै एकमात्रै सहारा बनेको छ”, उहाँले भन्नुभयो, “आर्थिक अवस्था दयनीय हुँदा किन्ने क्षमता छैन, अरु वर्ष दातृ निकायले दिन्थे दुई वर्षदेखि कोही पनि सहयोग गर्न शिविर छिरेका छैनन् ।” बिहानीपखको समयमा महाकाली नदीबाट नदीजन्य पदार्थ ट्याक्टरमा ढुवानी गर्दै आएका मनोज चौधरीले बाक्लो हुस्सुका कारण सडकमा देख्नका लागि मुस्किल हुन थालेपछि दिउँसोपख मात्रै काममा जाने गरेको बताउनुभयो । “बाक्लो हुस्सु लाग्छ”, चौधरीले भन्नुभयो, “सडकमा देख्न नै मुस्किल हुन थालेकाले दुर्घटनाको डरले दिउँसोपख मात्रै ट्याक्टर चलाउनुपरेको छ ।” शीतलहर र हुस्सुका कारण किसानले खेतबारीमा लगाएको तरकारीबालीमा डडुवा रोगको सङ्क्रमण देखिएको छ । रोगको सङ्क्रमणले सबैभन्दा बढी आलुबालीमा क्षति पुऱ्याउन थालेको स्थानीय किसानको भनाइ छ । चिसोका कारण स्वास्थ्य संस्थामा विगतको तुलनामा बिरामीको संख्यामा वृद्धि हुँदै जान थालेको पिपलाडी स्वास्थ्यचौकीका प्रमुख दुर्गादत्त भट्ले बताउनुभयो । रुघाखोकी, ज्वरो, स्वासप्रश्वासका बिरामी बढी स्वास्थ्य चौकी पुग्ने गरेको उहाँको भनाइ छ । दिउँसो १२ बजेपछि कुनै दिन घाम लाग्ने गरे पनि अधिकांश समय शीतलहर र हुस्सु लाग्ने गरेको छ । बिहानीको समय र साँझको समय भने निकै चिसो हुने गरेको छ ।

# विवाह गर्न भागेको जोडी घरभित्रै मृत

नमस्ते समाचारदाता
रुकुमपश्चिम, माघ/१२



रुकुमपश्चिमको त्रिवेणीको एक जोडी मृत अवस्थामा फेला परेका छन् । गाउँपालिकाको-४ खुम्चेरीमा केटाकेटी एउटैका कोठामा मृत अवस्थामा फेला परेका हुन् । त्रिवेणी गाउँपालिका-४ का वडाध्यक्ष नन्नराम बाँठाका अनुसार भागिराम खड्काको छोरा लोकेन्द्र खड्का र वडा नम्बर ६ की सपना पुन मगर लोकेन्द्रको घरमा मृत अवस्थामा फेला परेका हुन् । दुबै जना १९ वर्ष उमेरका हुन् । चार दिन अघि विवाहका लागि लोकेन्द्रले सपनालाई भगाएर ल्याएका थिए । वडाध्यक्ष बाँठाका अनुसार शनिबार बिहान लोकेन्द्रको अस्थायी टहरामा दुवै जना मृत अवस्थामा फेला परेका हुन् । लोकेन्द्रको आमा बिरामी भएपछि बुवाको साथमा उपचारका लागि नेपालगञ्ज गएको बेला घरमा यस्तो घटना भएको हो । एक मात्र छोरा लोकेन्द्रको एक जना बहिनी हुनुहुन्छ । काठमाडौँमा अध्ययनरत छोरीको साथमा बुवा आमा नेपालगञ्जबाट फर्कंदै गर्दा यस्तो घटना सार्वजनिक भएको हो । प्रहरीले बुवाआमा आएपछि मात्रै आवश्यक कानुनी प्रक्रिया सुरु गरेर घटनाको अनुसन्धान गर्ने जनाएको छ । स्थानीयका अनुसार लोकेन्द्र झुन्डिएको अवस्थामा फेला परेका हुन् । सपनाको शव भने भुइँमा छ ।

# जिप दुर्घटनामा दुई जनाको मृत्यु, चार गम्भीर

नमस्ते समाचारदाता
बैतडी, माघ/१२



बैतडीको सिगासमा जिप दुर्घटना हुँदा दुई जनाको मृत्यु भएको छ भने अन्य चार जना गम्भीर घाइते भएका छन् । एक जनाले हाम फालेर ज्यान जोगाउन सफल भएका छन् । शनिबार बिहान ५ बजे सिगास गाउँपालिका-१, को गडानबाट तल्लो इराना हुँदै फिर्ता हुँदै गरेको सुपप्र ०१-००१ च ४०२८ नम्बरको जिप माडौंमा दुर्घटना भएको हो । दुर्घटनामा परि मृत्यु हुनेमा सिगास गाउँपालिका-१, १९ वर्षीया पार्वती धामी र १४ वर्षीया जयन्ती धामी रहेको जिल्ला प्रहरी कार्यालय बैतडीका प्रवक्ता प्रहरी निरीक्षक बलराम पाण्डेयले बताउनुभयो । उहाँका अनुसार घाइते हुनेमा ४० वर्षीय तुलसी धामी, १६ वर्षीया निरा धामी, १९ वर्षीया हेमन्ती धामी र १४ वर्षीया भागरथी धामी रहेका छन् । घाइतेको उद्धार गरी उपचार का लागि डडेल्धुरा अस्पताल पठाइएको छ । जिप सडकबाट पाँच सय मिटर तल भिरमा खसेको थियो । घाइतेको उद्धार र घटनाको विस्तृत अनुसन्धान गर्न इलाका प्रहरी कार्यालय पाटनबाट प्रहरी निरीक्षक राजेन्द्र साउदको नेतृत्वमा २० जना प्रहरी घटनास्थलमा खटिएका छन् । प्रारम्भिक अनुसन्धानबाट जिप सहचालकले चलाएको खुलेको छ । सहचालकसँग लाइसेन्स नभएको पाइएको छ । जिपमा बिवाहको भोज खाएर फिर्ता हुँदै गरेका निम्तालु रहेको खुलेको छ । जिपमा चालकसहित आठ जना सावर रहेका थिए ।

गाउँपालिका द्वारा जारी सन्देश

१. आफ्नो घर आगन सफा राखौं ।
२. विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
३. बालबालिका लाई विद्यालय पठाऔं काममा नलगाऔं ।
४. हावाहुरी चल्ने समयमा आगो जथाभावी नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
५. छाडा चौपायाहरुलाई नियन्त्रण गरौं ।
६. जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं ।
७. आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
८. सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
९. दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
१०. सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं ।

नाम्खा गाउँपालिका
हुम्ला

नमस्ते कर्णाली
Namaste Karnali National Daily राष्ट्रिय दैनिक
नमस्ते कर्णाली राष्ट्रिय दैनिकका लागि प्रकाशक/ सम्पादक : अशोक भण्डारी ,प्रधान कार्यालय : कोहलपुर-११ बाँके, शाखा:सुर्खेत,हुम्ला,मुगु,कालिकोट,जुम्ला,डोल्पा,बाजुरा
सम्पर्क : ९८४७२४६९०३ इमेल: namastekarnali1@gmail.com मुद्रण: गैरे अपसेट प्रेस (छापाखाना), कोहलपुर, बाँके